नेपाल सरकार
## राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं
(दोस्रो पटक प्रकाशन मितिः २०७९/०७/०४)

# प्राविधिक परीक्षक तालिम सञ्चालन हुने सम्बन्धी सूचना

नेपाल सरकारबाट सञ्चालित विकास निर्माणका आयोजनाहरुको प्राविधिक परीक्षण कार्य गराउने उद्देश्यले यस केन्द्रबाट सञ्चालन हुँदै आईरहेको तीन(३) हप्ते प्राविधिक परीक्षक (Technical Auditor) तालिम लिन ईच्छुक तपसिल बमोजिमको योग्यता पुगेका ईञ्जिनियरहरुबाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त आव्हान गरिन्छ।

**तपसिल**

| | | |
|---|---|---|
| १. | तालिम प्रदायक संस्था, स्थान र समय | पछि केन्द्रको वेवसाइटमा प्रकाशित गरिनेछ। |
| २. | न्यूनतम योग्यता र अनुभव | कुनै पनि ईञ्जिनियरिङ्ग विषयमा स्नातक तह उत्तिर्ण भई सो योग्यताको आधारमा ईञ्जिनियरिङ्गसँग सम्बन्धित काममा कम्तिमा १० वर्षको व्यावसायिक अनुभव भएको र नेपाल ईञ्जिनियरिङ्ग परिषद्को सदस्यता प्राप्त गरेको। |
| ३. | उमेर | सुचना प्रकाशित भएको मितिमा ६० वर्ष उमेर ननाघेको। |
| ४. | उपलब्ध सीट सङ्ख्या र तालिम शुल्क | सङ्ख्या :२०, शुल्कः रु १०,०००/- |
| ५. | दरखास्त दिने ठेगाना | श्रीमान् सचिवज्यू<br>राष्ट्रिय सतर्कता केन्द्र<br>सिंहदरबार,काठमाडौं। |

**दरखास्त दिँदा ध्यान दिनुपर्ने कुराहरु :**

१) खाम बाहिर "प्राविधिक परीक्षण सम्बन्धी तालीमको लागि दरखास्त" भनेर लेख्नुका साथै दरखास्तवालाको नाम, ठेगाना, इमेल र मोबाइल नं. स्पष्ट उल्लेख गर्नुपर्नेछ।

२) दरखास्तका साथ ३ पेजमा नबढाई तयार पारिएको व्यक्तिगत विवरण (Bio-data), स्नातक तह र सो भन्दा माथिका शैक्षिक उपाधिको प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र तथा नेपाल ईञ्जिनियरिङ्ग परिषद्मा दर्ता भएको प्रमाण पत्रको स्वयम्ले प्रमाणित गरेको प्रतिलिपि पेश गर्नुपर्नेछ।

३) Bio-Data तयार गर्दा रोजगारदाता, रोजगार अवधि र कार्यजिम्मेवारी स्पष्ट उल्लेख गरी, अवधि नदोहोरिने गरी आवेदकको हस्ताक्षर सहित पेश गर्नुपर्नेछ। Full Time को कार्यअनुभवको अवधिलाई मात्र अनुभवमा गणना गरिनेछ।

४) नेपाल सरकार तथा सार्वजनिक संस्थानहरुबाट मनोनयन भएका प्रशिक्षार्थीहरुको हकमा संस्थाकै तर्फबाट दरखास्त दिनुपर्ने छ।

५) तालिमका लागि उम्मेदवारको छनौट राष्ट्रिय सतर्कता केन्द्रले गर्नेछ।

६) दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्टसम्म दरखास्त दिन सकिनेछ।

७) तालिमको लागी छनौट भए पश्चात् सहभागी हुनुपुर्व तोकिएको तालिम शुल्क राष्ट्रिय सतर्कता केन्द्रको नाममा रहेका एभरेष्ट बैंक, सिंहदरबार काउन्टर, सिहंदरबार, काठमाडौ वा एभरेष्ट बैंकको अन्य शाखामा रहेको राजश्व खातामा रकम जम्मा गरी सक्कल भौचर केन्द्रमा पेश गर्नुपर्नेछ। तालिममा छनौट भईसकेपछि कुनै कारणवश तालिममा सहभागी हुन नसकेमा वा सहभागीले तोकिएबमोजिमको तालिम पुरा गर्न नसकेमा तालिम शुल्क फिर्ता हुने छैन।

८) तालीमको सिलसिलामा वसोवास, आते जाते, सवारी लगायतका खर्च आफैले ब्यहोर्नु पर्नेछ।

९) प्रथम पटक मिति २०७९।०५।२८ को सूचना बमोजिम प्राप्त आवेदन कायमै राखिएकोले निजहरुको हकमा पुःन आवेदन पेश गर्नुपर्ने छैन।

१०) थप जानकारीको लागि केन्द्रको प्राविधिक परीक्षण तथा अनुगमन महाशाखा वा टेलिफोन नं. ०१-४२११९४८,४२००३५० मा कार्यालय समय भित्र बुझ्न सकिनेछ।